# बैंक तथा वित्तीय संस्थाका अनुपालना अधिकृतसँग अन्तरक्रिया



सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखाले मङ्सिर २७ गते काठमाडौंमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा हुने वित्तीय लगानी निवारणका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी, पूर्वाधार विकास बैंक र निक्षेप सङ्कलन गर्ने लघुवित्त वित्तीय संस्थाका सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अनुपालना अधिकृतहरूको सहभागितामा महाशाखाले उक्त कार्यक्रम आयोजना गरेको हो ।

सो अवसरमा महाशाखाबाट दुई वटा कार्यपत्र प्रस्तुत गरिएको थियो । उप-निर्देशक शिखा अधिकारीले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसँग सम्बन्धित समसामयिक विषय र स्थलगत निरीक्षणका क्रममा देखिएका कैफियत र अर्का उप-निर्देशक अभियान उपाध्यायले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसँग सम्बन्धित कानुनको संशोधित व्यवस्था, नियम, निर्देशिकासहित नेपालको पारस्परिक मूल्याङ्कनको विद्यमान अवस्था र बैंक तथा वित्तीय संस्थाले महाशाखालाई गर्नुपर्ने रिपोर्टिङबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । तत्पश्चात् सहभागीहरूबीच सम्पत्ति शुद्धीकरण निवारणका विविध विषयमा छलफल भएको थियो ।

कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका का.मु कार्यकारी निर्देशक डा. सत्येन्द्र तिमिल्सिनाले सम्पत्ति शुद्धीकरण निवारणका लागि नियमनकारी/सुपरिवेक्षकीय निकाय, बैंक तथा वित्तीय संस्थाहरूबीच समन्वय हुनुपर्ने, कारोबारको स्रोत ठिक रहे/नरहेको यकिन गर्नुपर्ने र केन्द्रीकृत ग्राहक पहिचान लागु गर्न ग्राहकको विस्तृत विवरण आवश्यक पर्ने लगायतका सुझाव दिनुभयो ।

कार्यक्रममा विभागका कार्यकारी निर्देशक रामु पौडेलले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणका लागि जारी गरिएका कानुनी र नीतिगत व्यवस्थाको पालनालाई बैंक तथा वित्तीय संस्थाले उच्च प्राथमिकतामा राख्नुपर्ने धारणा राख्नुभयो ।

सो अवसरमा निर्देशक शैलेन्द्र रेग्मीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक प्रदीप बानियाँले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# इकाइद्वारा विभिन्न निकायसँग अन्तरक्रिया



वित्तीय जानकारी इकाइले मङ्सिर ७ गते सम्पत्ति शुद्धीकरण निवारणका विविध विषयमा सरोकारवाला निकायहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कार्य तथा आमविनाशका हातहतियार निर्माण र विस्तारमा वित्तीय लगानी निवारण, पारस्परिक मूल्याङ्कन तथा अन्तरनिकाय सहकार्य/समन्वय/पृष्ठपोषणका सम्बन्धमा इकाइले उक्त कार्यक्रम आयोजना गरेको हो ।

कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, नेपाल प्रहरी, महान्यायाधिवक्ताको कार्यालय, राजस्व अनुसन्धान विभाग, नेपाल प्रहरी, आन्तरिक राजस्व विभाग, कसुरजन्य सम्पत्ति व्यवस्थापन विभाग, भूमि व्यवस्थापन